"पाँचखाल नगर-कृषि सहर"
पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमति प्रदेश, नेपाल

प.सं.: २०७७/७८
च.नं: ११२१

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२३७

मिति: २०७७/०६/३०

**विषय: बैठकका निर्णय कार्यान्वयन सम्बन्धी सूचना**

प्रस्तुत वषयमा यस पाँचखाल नगरपालिकाको कोभिड-१९ निर्देशक समितिको मिति २०७७/०६/३० गतेको बैठकबाट देहाय अनुसारको निर्णय भएको हुँदा निर्णय कार्यान्वयनका लागि सरोकारवाला सम्पूर्णमा अनुरोध छ ।

निर्णय नं १.

पाँचखाल नगरपालिकाका कर्मचारी बैठकबाट पारित निर्णय प्रस्तुत भए बमोजिमका साथै कोभिड-१९ को बढ्दो संक्रमण तथा यस नगरपालिकामा कार्यरत कर्मचारीलाई देखिएको कोरोना पोजेटिभ संक्रमण र अन्य केही कर्मचारीहरुलाई कोभिड-१९सँग मिल्दोजुल्दो लक्षणसमेत देखिएकोले यस नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने अत्यावश्यक सेवा बाहेक अन्य सेवा मिति २०७७/०७/०१ देखि २०७७/०७/११ गते सम्म उपलब्ध नगराई बन्द राख्ने निर्णय गरियो । त्यस्तै यस पाँचखाल नगरपालिकामा सञ्चालित सबै शैक्षिक संस्थाहरु मिति २०७७/०७/०१ देखि २०७७/०७/१५ गतेसम्म बन्द गर्ने निर्णय गरियो ।

निर्णय नं २.

कोभिड-१९ को नियन्त्रण तथा रोकथाम सम्बन्धमा आइसोलेसन, क्वारेन्टाइन तथा फ्रन्टलाइनमा काम गरेका स्वास्थ्यकर्मी, कर्मचारीहरुलाई तोकिएको मापदण्ड बमोजिमको प्रोत्साहन भत्ता उपलब्ध गराउने र उपलब्ध गराउने सम्बन्धी सहजताको लागि स्वास्थ्य शाखाबाट आवश्यक कारवाही अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ३.

नजिकिंदै गरेको बडादशैं लगायतका चाडपर्व र कोभिड-१९ को बढ्दो संक्रमण दुवैलाई ध्यानमा राख्दै चाडपर्व मनाउँदा स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्वन गरी मनाउन सबै नगरवासीहरुलाई आग्रह गर्दै बडादशैं २०७७ को अवसरमा सबै नगरवासीहरुको सु-स्वास्थ्य, दिर्घायुको कामना गर्दै नगरपालिकाको तर्फबाट शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

"पाँचखाल नगर-कृषि सहर"
# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमति प्रदेश, नेपाल

प.सं.: ०७६/०७८
च.नं.: ११२१

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२३७

निर्णय नं ४.

यस नगरका नगरवासी, विभिन्न संघसंस्था, व्यापार व्यवसायीहरुले आ-आफ्नो तर्फबाट सामाजिक सुरक्षा, स्वास्थ्य सामाग्री आदीको उचित प्रयोग गरी आ-आफनो व्यापार व्यवसाय सञ्चालन गर्न र उपभोक्ताहरुले पनि बजार, मठमन्दिर आदी क्षेत्रमा भिडभाड नगरी बडादशैं सुखद रुपमा सम्पन्न गर्न अरोध गर्ने निर्णय गरियो ।

७७।६।३०

शिव प्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत